# छिमेक लघुवित्त वित्तीय संस्था लि.

## मध्यबानेश्वर, काठमाण्डौ

## ब्यक्तिगत रेकर्ड फाईल खरिद गर्ने बारेको सिलबन्दी बोलपत्र आह्वानको सुचना

**प्रथम पटक प्रकाशित मिति : २०७८/०४/३२**

**बोलपत्र नं :- ०६/०७८/७९**

यस वित्तीय संस्थाको ग्राहक सदस्यहरुको व्यक्तिगत कागजपत्रहरु व्यवस्थित गर्नका लागि बोलपत्र प्रस्ताव फारममा उल्लेखित संख्या तथा स्पेसिफिकेशन बमोजिम ८ पेजको **ब्यक्तिगत रेकर्ड फाईल** शिलबन्दी बोलपत्रको माध्यमबाट आपुर्ति गराउनू पर्ने भएकोले सो सम्बन्धी कार्य गरेको अनुभवी इच्छूक फर्म/कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही शिलवन्दी बोलपत्र पेश गर्न हून यो सुचना प्रकाशित गरिएको छ ।

**बोलपत्र सम्बन्धी सर्तहरु :**

१. बोलपत्रमा समावेश हून चाहने फर्म/कम्पनीहरुले माथि उल्लेख गरिए अनुसारका सामानको लागि बोलपत्र सम्बन्धी कागजात यो सुचना प्रकाशित भएको मितिदेखि १५औं दिनको (सो दिन बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खूलेको दिन) ३:०० बजेसम्म काठमाण्डौ, मध्यबानेश्वर स्थित यस वित्तीय संस्थाको केन्द्रीय कार्यालयबाट पछि फिर्ता नहूने गरी प्रति बोलपत्र रु.२,०००।- (अक्षरेपी दुई हजार मात्र) तिरी खरिद गर्न सकिनेछ । बोलपत्र राखिएको खामको बाहिर शीरमा शीलबन्दी बोलपत्र पेश गरिएको कामको शिर्षक **"ब्यक्तिगत रेकर्ड फाईलको लागी"** भनि विवरण समेत उल्लेख गरिएको हूनु पर्नेछ ।

२. बोलपत्र फाराम खरिद गर्न आउँदा सम्बन्धित फर्म तथा कम्पनीले नविकरण सहितको फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (मु.अ.कर समेत), आ.व.२०७६/७७ कर चुक्ताको प्रमाण पत्र सहित आधिकारिक निवेदन पेश गर्नू पर्नेछ ।

३. सुचना प्रकाशित भएको मितिदेखि १६औं दिन (सो दिन विदा परेमा त्यसपछि कार्यालय खूलेको पहिलो दिन) को अपरान्ह १२:०० बजे भित्र यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय मध्येबानेश्वर काठमाण्डौमा बोलपत्र दाखिला भई सक्नू पर्नेछ ।

४. बोलपत्रदाताले बोलपत्र दाखिला गर्दा माथि उल्लेखित स्पेसिफिकेशन बमोजिम तयार गरि वित्तीय संस्थालाई उपलब्ध गराउने फाईलको नमुना प्रति समेत प्राविधिक अन्तर्गतको फाईलमा संलग्न राखि पेश गर्नुपर्नेछ ।

५. प्रथम पटक सूचना प्रकाशित भएको मिति देखि १६ औं दिन (सो दिन विदा परेमा त्यसपछि कार्यालय खूलेको पहिलो दिनको) दिउँसो ३:०० बजे बोलपत्रदाता वा निजको अख्तियारी प्राप्त प्रतिनिधिको उपस्थितिमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको अख्तियारी प्राप्त प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।

६. बोलपत्रको साथमा कबोल अंकको २.५ प्रतिशत (अढाई प्रतिशत) रकम यस वित्तीय संस्थाको बैंक अफ काठमाण्डौ लिमिटेड कमलादीमा रहेको खाता नं. ०१०००००५१०३८५२४ मा जम्मा गरेको सक्कल बैंक भौचर वा यस वित्तीय संस्थाको पक्षमा जारी भएको बोलपत्र पेश गर्ने मितिले ९० दिन मान्य अवधि रहेको बैंक ग्यारेण्टी संलग्न गर्नू पर्नेछ ।

७. बोलपत्र सम्वन्धी विस्तृत विवरण र बोलपत्र सम्बन्धी अन्य शर्तहरु तथा गर्नू पर्ने कार्यहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम तथा सो बाहेक अन्य कूराहरु सार्वजनिक खरिद ऐन, २०६३ (संसोधन सहित) र वित्तीय संस्थाको विनियमावलीमा उल्लेख भए बमोजिम हूनेछ ।

८. प्राप्त बोलपत्रहरु स्वीकार गर्ने वा नगर्ने वा आंशिक रुपमा मात्र स्वीकार गर्ने सम्पुर्ण अधिकार वित्तीय संस्थामा निहित हूनेछ। सो कारवाही सम्बन्धी कूनै कूरा प्रकाशमा ल्याउन वा जानकारी दिन वित्तीय संस्था बाध्य हूने छैन ।

९. यस सम्बन्धी थप जानकारी चाहिएमा छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड केन्द्रिय कार्यालय प्रशासन विभाग काठमाण्डौंमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । बोलपत्र सम्बन्धी सुचना यस वित्तीय संस्थाको Website मा पनि हेर्न सकिन्छ ।